# ११ कटनी गर्न समयको निम्ति तयार हुनु

*यस अध्यायको निम्ति देहायका पदहरू पढ्नुहोस्:* याकूब ५:७-११, रोमी १३:११, १ कोरन्थी ३:१३, लूका ७:३९-५०, कलस्सी ४:६।

*स्मरण गर्नुपर्ने मूल पद:* "तिमीहरू धैर्यवान हुनै पर्छ। तिमीहरू आफ्नो आस्थामा दऱ्हो भएर बस्नै पर्छ। हाम्रो प्रभु छिट्टै आउनुहुनेछ।" (याकू ५:८ रूपान्तरित)।

चाहे युनानी अर्थात् ग्रीक सभ्यतामा र रोमी सभ्यतामा वा वर्तमान युगमा नै किन नहोस् विदेशका कुनै राष्ट्रका प्रमुख वा उच्च पदाधिकारीहरूलाई आफ्नो देशमा स्वागत गर्नुभन्दा पहिले आफ्नो देशलाई भव्य रूपमा तयार गर्दछन्। सडकहरू सफा गर्छन्, पसलहरू सफा राख्छन्। फुलहरू रोप्छन्। शहरहरू झकिझकाउ गर्छन्। स्वागतद्वारहरू बनाउँछन्। दुवै देशका झन्डाहरू फरफराउँछन्। पुलिस र सुरक्षा फौजहरू मिलेर अपराधीहरूको नियन्त्रण गर्दछन्। पाहुना आउनुभन्दा सबै कुराहरू उत्कृष्ट पार्न मानिसहरू खटेका हुन्छन्। सारा नयाँ करारभरि येशूको आगमनको विषयलाई लिएर ग्रीक भाषाको पारोसिया (parousia) शब्द प्रयोग गरिएको छ। यही शब्दलाई याकूबले पनि याकूब ५:७,८मा पनि प्रयोग गर्छन्। पारोसियाको अर्थ कुनै राष्ट्रप्रमुख, राजा वा उच्च पदाधिकारीहरूलाई स्वागत गर्नु हो। संसारका शासकहरूको स्वागतको निम्ति यदि मानिसहरू अत्यन्त जोडदार तयार गर्दछन् भने के हामीहरूको प्रभु र उद्धारकर्ताको स्वागतको निम्ति हामीहरूका हृदयहरूलाई तयार नराख्ने?

तर समय र दिन थाहा नपाउँदा (मत्ती २४:३६) हामीहरू कसरी तयार भएर बस्ने? "धैर्यवान हुनु" र हामीहरूको आस्था तथा हृदयलाई "दऱ्हो" बनाएर राख्नु भन्नुको अर्थ के हो? बसन्त ऋतुमा आउने हल्का वर्षा र मनसुनमा आउने वर्षा (याकूब ५:७) भन्ने धारणाको अर्थ के हो? यस अध्यायमा उल्लेख गरेका बाइबलका केही पदहरूले यस संसारको अन्तको बारेमा वर्णन गरेका छन्। तर सबै युगका विश्वासीहरूको निम्ति मौलिक सन्देशचाहिँ समयसापेक्षित छ।

हामीहरूको मानव इतिहासभरी हामी येशूभक्तहरूले अनेकन् दुःख, कष्ट भोगिरहेका हुन्छौं, यद्यपि अगमवक्ताहरूले भनेका अनुसार हामीहरूको आस्था र आशामा अटल भएर बस्नु अपरिहार्य छ।

## १ वर्षा यामको प्रतिक्षा (याकूब ५:७)

आफ्नो जीविका धाउन किसानहरू मौसममा धेरै भर परेको हुन्छ। उचित समयमा अन्न बाली उमार्नु तिनीहरूको जीवनको लक्ष्य हुन्छ। सुक्खा, धेरै झरी, धेरै गर्मी वा धेरै ठन्डीले बालीहरू बिग्रन सक्छन्। इस्राएल जस्तो सुक्खा देशहरूमा अन्न बालीहरू उमार्न झन गाऱ्हो हुन्छ। पानी परेपनि उचिस समयमा प्रसस्त पानी पर्नु धेरै जरुरत छ। चाहे सानोतिनो खेतबाली गर्नेको निम्ति होस् वा ठूला ठूला अन्न बगानहरूमा होस् अन्नहरू उमार्न आकासे पानीमै भर पर्नुपर्छ।

हिँउदमा पर्ने पानीले जमिनलाई भिजाउँछ र उचित समयमा बाली फलाउन अन्न रोप्न जमिनलाई तयार पार्दछ। अनि वर्षा याममा आएको पानीले अन्नलाई पकाउँछ र ठिक समयमा कटनी गर्न सहयोग गर्दछ।

**वर्षाको बारेमा याकूब समेटले देहायका अगमवक्ताहरूले वयान गरेका छन्। वर्षाको बारेमा पुरानो करारका अगमवक्ताहरूको भनाईको अर्थ के हो र येशूको आगमनसँग वर्षालाई तुलना गरेर याकूबले के भन्न खोजेको हो सो ध्यान दिएर पढ्नुहोस्: याकूब ५:७,८ ×यसकारण भाइ हो, प्रभुको आगमन नहोउञ्जेल धैर्य धारण गर। हेर, भूमिको बहुमूल्य फसलको आशा राखेर किसानले अगिल्लो र पछिल्लो वर्षा नहोउञ्जेल धैर्य धारण गरेर पर्खिरहन्छ। ८ तिमीहरूले पनि धैर्य धारण गर। आफ्नो हृदयलाई स्थिर गराओ, किनकि प्रभुको आगमन नजिकै छ।", व्यवस्था ११:१४ ×म ऋतुअनुसार शरद् र बसन्तका वर्षाहरू दिनेछु, ताकि तिमीहरूका अन्न, नयाँ दाखमद्य र तेल बटुल्न सक।", यर्मिया ५:२४ ×तिनीहरू आफ्ना हृदयमा भन्दैनन्, 'हामी परमप्रभु आफ्ना परमेश्वरको भय मानौं, जसले हामीलाई शरद् र बसन्त ऋतुको झरी, र कटनीको निम्ति ठहराइएका हप्ताहरू हामीलाई दिनुहुन्छ'।", यर्मिया १४:२२ ×जाति-जातिहरूका व्यर्थका देवताहरूमध्ये कसैले वर्षा ल्याउन सक्छ र? अथवा के आकाश आफैले झरी बर्साउन सक्छ? हे परमप्रभु हाम्रा**

परमेश्वर, त्यो गर्ने त तपाईं नै हुनुहुन्छ? यसैकारण हामी हाम्रो आशा तपाईंमा राख्दछौं, किनकि तपाईंले मात्र यी सबै गर्नुहुन्छ।", योयल २:२३ "ए सियोनका मानिस हो, खुशी होओ, परमप्रभु तिमीहरूका परमेश्वरमा रमाहट गर, किनकि उहाँले तिमीहरूलाई शरद्को वर्षा धार्मिकतामा दिनुभएको छ। उहाँले हामीलाई प्रशस्त झरी ल्याइदिनुहुन्छ– शरद् र बसन्त दुवै झरी पहिलेको झैं पठाइदिनुहुन्छ।", होशे ६:१-३ "आओ, हामी परमप्रभुतिर फर्कौं। उहाँले हामीलाई टुक्रा-टुक्रा पार्नुभएको छ, तर उहाँले हामीलाई निको पार्नुहुनेछ। उहाँले चोट पार्नुभएको छ, तर उहाँले हाम्रा चोटहरूमा मलहमपट्टी लाउनुहुनेछ। २ दुई दिनपछि उहाँले हामीलाई पुनर्जीवित पार्नुहुनेछ, तेस्रो दिन उहाँले हामीलाई पुनः खड़ा गर्नुहुनेछ, र हामी उहाँकै सामने जीवित रहनेछौं। ३ आओ, हामी परमप्रभुलाई मानौं, हामी परमप्रभुलाई मान्नका निम्ति प्रयत्न गरिरहौं। उहाँको आगमन सूर्योदयझैं निश्चित छ। उहाँ हामीकहाँ वर्षाको झरी, जमिनलाई भिजाउने आखिरी वर्षाझैं आउनुहुनेछ।" र योयल २:२८,२९ "त्यसपछि म मेरा आत्मा सबै मानिसमाथि खन्याउनेछु। तिमीहरूका छोराछोरीहरूले अगमवाणी बोल्नेछन्। तिमीहरूका बूढ़ा मानिसहरू स्वप्नदर्शी हुनेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्। २९ ती दिनमा मेरा सेवकहरू पुरुष र स्त्रीहरू दुवैमाथि म आफ्ना आत्मा खन्याउनेछु।"

""हिंउद र वर्षा यामको वर्षालाई चित्रण गरेर हिब्रू अगमवक्ताहरूले पूर्वीय देशहरूमा हुने बिऊ रोप्ने र कटनी गर्ने समयलाई उदाहरणको रूपमा प्रस्तुत गरेका थिए। परमेश्वरको चर्चमा आउने भारी आत्मिक अनुग्रहको आशिषको बारेमा भविष्यवाणी गर्दै उक्त चित्रण कोरेका थिए। येशूको पुनरुत्थान भएपछि उहाँका चेलाहरूमा खनिएको पवित्र आत्मा हिंउदको वर्षाको सुरू थियो। त्यसको नतिजा अत्यन्त गौरवशाली थियो।...अनि संसारको अन्तमा जब आत्मिक कटानी हुन्छ तब त्यसबेला आत्मिक अनुग्रहको विशेष वर्षा हुनेछ। त्यो अनुग्रहको वर्षा मानिसको पुत्रको (येशू) आगमन हुनुभन्दा पहिले उहाँलाई स्वागत गर्न चर्चलाई तयार पार्नको निम्ति हुनेछ। त्यो आत्मिक वर्षालाई पछिल्लो पानीको वर्षासँग तुलना गरिएको छ।

पछिल्लो वर्षामा थप शक्ति पाउन प्रत्येक येशूभक्तले प्रभुसँग प्रार्थना गर्नुपर्छ।"एलेन जी ह्वाइट, *आवर फादर क्यर* २१२बाट रूपान्तरित।

फसलको समयलाई येशूले संसारको अन्त्य भनेर संज्ञा दिनुभएको थियो (मत्ती १३:३९)। याकूब ५:७ले जस्तो मर्कूस ४:२६-२९ले पनि संसारको अन्त्य अर्थात् कटनीको समयको चित्रण गरेको छ। खेत रोप्नेहरू अन्न नपाँकुज्जेल धैर्यसाथ पर्खिरहन्छन्ः ×पहिला बिऊहरू उम्रन्छ। अनि बिरुवा बढ्दै जान्छ। त्यसपछि बालाहरू निस्कन्छन्। अनि अन् फल्न थाल्छन्। केहि समयपछि त्यो पाक्छ र कटनीको समय आउँछ। त्यसलाई काटेर बालीलाई भित्राउँछन् (मर्कूस ४:२८,२९ रूपान्तरित)। कटनीको समयमा मात्र गहुँ र घाँस छुट्याउन सम्भव हुन्छ (मत्ती १३:२८सँग मलाकी ३:१७ तुलना गर्नुहोस्)।

**हो, केवल कटनीको समयमा मात्र घाँस वा सामा हो कि धान, गहुँ हो हामीले छुट्याउन सक्छौं। येशूको आगमन हुनु अगाडि वा फसलको समय अगाडि जिइरहेका हामीहरू हामी गहुँ वा धान हौं कि सामा वा घाँस हौं भनेर हामीहरूको विश्वासी जीवनले कसरी बताइरहेको छ?**

## २. येशूको आगमन नजिकै छ रे, तर कतिको नजिक छ? (याकूब ५:८)

"येशूको आगमन नजिकै वा ढोकैमा छ" भनेर याकूबले याकूब ५:८मा उल्लेख गरेर उहाँको आगमनको समयलाई अनुमोदन गरेको पाइन्छ। तर त्यो लेखेको कमसेकम दुई हजार वर्ष भयो, उहाँ अहिलेसम्म आउनुभएको छैन। "नजिकै छ व ढोकैमा छ" भन्ने आश्वासनलाई हामीले कसरी बुझ्ने? (हुन त उहाँ दुई हजार वर्ष अघि आउनुभएको भए, हामीहरूको अस्तित्व हुने थिएन-अनुवादकको जिज्ञासा)।

विभिन्न अर्तीकथाहरूद्वारा आउने परमेश्वरको राज्यको बारेमा येशूले वयान गर्नुभएको थियो (उदाहरणमाः मत्ती ४:१७, मत्ती १०:७, मत्ती २४:३३)। ती अर्तीकथाहरूले स्वर्गको स्थितिको बारेमा बताउँछन् जसले गर्दा स्वर्गको बारेमा केही हदसम्म केही कुराहरू राम्रोसँग

जानौं। ती अर्तीकथाहरूलाई नजिकैबाट नियालेर हेर्दा स्वर्गको राज्यको बारेमा दुई भागहरू देखाइएको पाउँछौंः वर्तमान जीवनमा यसै संसारमा आत्मिक वास्तविकताको अनुभूत महसूस गरिने र आउनेवाला महिमित, गौरबमय तथा तेजस्वीमय पापरहित स्वर्ग। येशूका चेलाहरू र त्यसबेलाका तत्कालिन प्रेरितहरूले येशूको छिट्टो दोस्रो आगमनको महान् आशाको प्रतिक्षामा थिए (रोमी १३:११, हिब्रू १०:२५, याकूब ५:९)। तर तिनीहरूले उहाँको आगमनको ठ्याक्क दिन वा समय कहिलै पनि तोक्ने स्थितिमा थिएन। हामीहरू जस्तै तिनीहरू पनि उहाँको आगमनको समयको बारेमा जान्न इच्छुक थिए। तर उहाँको आगमनको समय तोक्नु तिनीहरूको हितमा छैन भनेर येशूले तिनीहरूलाई सम्झाउनुभएको थियो (प्रेरित १:६,७)। यथार्थमा भन्ने हो भने दुई हजार वा पछिमात्र येशू आउनुहुनेछ भनेर तिनीहरूले त्यो मिति थाहा पाएको भए उहाँको आगमनको बारेमा प्रचार गर्न तिनीहरू कतिको जाँगरिलो हुने थिए होला र? द्रुतगतिमा सुसमाचार प्रचारप्रसार गर्न पनि के तिनीहरू सुरिन्थे होला र?

आफ्नो दिनमा येशू नआउनुभएतापनि आफ्ना मन, वचन र साक्षीलाई बलियोरूपमा थमाइराख्न कहिलै पनि पछि नपर्नु भनेर याकूब ५:८ले हामीलाई बताउँछ। आउनेवाला परमेश्वरको राज्यको फल अत्यन्त बहुमूल्यको छ भनेर प्रेरितहरूले बताउँछन्। त्यसलाई ग्रीक भाषामा टिमिओस्-**timios** भनेर सम्बोधन गरिएको छ। त्यही सन्दर्भमा देहायका पदहरू पढ्नुहोस्ः १ थेस्सोलिनिकी ३:१३ "उहाँले यो माया दिएर हाम्रा प्रभु येशू आफ्ना पवित्र जनहरूसँग आउँदा हाम्रा परमेश्वर पिताको अघि पवित्रतामा निर्दोष हुन तिमीहरूका हृदयलाई स्थिर बनाउनुभएको होस्।", २ थेसोलिनिकी ३:३ "किनभने प्रभु विश्वासी हुनुभएकोले नै तिमीहरूलाई उहाँले बलियो बनाउनुहुनेछ अनि दुष्टबाट रक्षा गर्नुहुनेछ।" १ पत्रुस १:१९ "ख्रीष्टको बहुमूल्य रगतले नै तिमीहरूलाई छुट्कारा दिएको हो। उहाँ निर्दोष र निष्खोट बलि हुने पाठो हुनुहुन्थ्यो।" र १ कोरन्थी ३:१२ "यसै जगमाथि कसैले सुन-चाँदी वा धेरै धेरै मोल पर्ने रत्नहरू हालेर बनाउँदैजालान्। कतिले चाहिँ काठ, खर वा परालले यो घर बनाउलान्।"

"धिरज भएर बस"को अर्थ "आस्थामा स्थिर भएर बस" वा "मनलाई बलियो बनाएर राख" भन्ने अर्थहरू हुन्छन्। हामीहरूको हृदयहरूलाई येशूसँग बुनेर राख्नुपर्छ। त्यसो गर्दा जुनसुकै दवाव वा कष्टहरू आएतापनि तिनीहरूलाई हल्लाउन सक्दैनन्। सत्यमा स्थिर भएर बस्नु (२ पत्रुस १:१२)को अर्थ जानाजानी परिक्षा वा प्रलोभनमा नपर्नु, जतिसुकै दुःखकष्ट भएपनि धैर्य गरेर आफ्नो मनलाई सम्हालेर राख्नु र कष्ट तथा सतावतको बीचमा पनि येशूतिर एक टक आँखा लगाएर बस्नु (प्रेरित १४:२२) भन्ने अर्थहरू लाग्छन्। जीवनको ती सबै कसरतहरूले हामीहरूलाई ख्रीष्टमा बलियो भएर बस्न सहयोग गर्दछन्।

अध्यात्मिक विकास अर्थात् आत्मिक उन्नती सधैं सजिलोसँग गर्न सकिन्छ भन्ने छैन। तर त्यसले बहुमूल्य फल फलाउँछ। येशूलाई विश्वास गर्नेहरूलाई उहाँको बहुमूल्य (टिमिओस्) रगतले मुक्ति दिन्छ (१ पत्रुस १:१९)। ती आस्थावान तथा निष्ठावान येशूभक्तहरू स्वर्गको किसान वा परमेश्वरको सामु असिमित मूल्यका हुन्छन्। बहुमूल्य भन्न शब्दले बहुमूल्य पत्थरहरू भनेर पनि जनाउँछन्। ख्रीष्टमा निर्माण भएका विश्वासीहरू परमेश्वरका निम्ति अति दामी हुन्छन्। हाम्रो निम्ति निर्माण गरिएको परमेश्वरको मन्दिरको जग ख्रीष्ट हुनुहुन्छ र त्यो मन्दिर चर्च हो (१ कोरन्थी ३:११,१२)। कमजोर तथा मुकुण्डोधारी इसाईहरूलाई दाउरा, घाँस र परालसँग पावलले तुलना गर्छन्। येशूको दोस्रो आगमनमा आगोद्वारा त्यस्ता नकावधारी इसाईहरू भष्म हुनेछन् (१ कोरन्थी ३:१२-१५)। त्यसकारण येशूको नाउँमा हामी जे गर्छौं त्यो हामीहरूको भाऊ खोज्न वा सम्मान पाउन हो कि परमेश्वरको नाउँ उचाल्न वा इज्जत राख्न काम गरिरहेकाछौं सो कुरामा हामी संवेदशील हुनुपर्छ। दिनदिनै आत्मआलोचना गरेर अनन्त जीवनको निम्ति कुन् गरिमामय र महत्त्वपूर्ण छ त्यसमा मध्यनजर राखेर हामी अघि बढ्नुपर्छ।

**"हरेक मानिसको कामलाई कुन् नियतले गरेको हो सो खुलासा गरिनेछ। न्यायको दिनमा ती सबै उदाङ्ग पारिनेछ। आगोद्वारा तिनीहरूको जाँच गरिनेछ। हरेक मानिसको काम कतिको असल छ भनेर आगोद्वारा नै जाँचिनेछ।"१ कोरन्थी ३:१३ रूपान्तरित। धर्मको**

**खोल लगाएर तपाईंले अरूलाई धोका दिन सक्छौं। तर तपाईंले तपाईंलाई धोका दिन सक्नुहुन्न त्यसकारण आफूलाई नियालेर हेर्नुहोस्। तपाईंले परमेश्वरको नाउँमा वा चर्चकै नाउँमा गरिरहनुभएको काम, कुन् नियतले गरिरहनुभएको छ? तपाईंको कुनै पनि असल कामको नियत के हो? सोच्नुहोस्।**

## ३. गनगन गर्नु वा गुनासो गर्नु, प्रसब वेदनामा जस्तो पिडा सहनु र हुर्कनु (याकूब ५:९)

ओ, येशूको दोस्रो आगमन कहिले हुने हो? हामीहरू यहाँ अझै किन अल्झिरहेका छौं? एकाइसौं शताब्दीको वर्तमान वैज्ञानिक युगमा परमेश्वरको अस्तित्वको बारेमा शङ्का गर्नु र हामीहरूको सुसमाचारलाई हँस्सी उडाउनु जस्तो बुद्धिजीवि भनाउँदाहरूको क्रियाकलापप्रति हामी छक्क पर्नु आवश्यक छैन। चर्चको इतिहासमा त्यो कुनै नौलो होइन। इस्राएलको इतिहासमा सबभन्दा खतरापूर्ण धम्किहरू त्यसको छिमेकी देशहरूबाट नभएर आफ्नै धार्मिक समूदायहरूबाट आएका थिए। धर्मको नाउँमा चलाउने तिनीहरूको हृदय परमेश्वरसम्मत थिएन। येशूको आगमन जब नजिकै हुन्छ तब धर्मको खोल लगाउने इसाई भनाउँदाहरूले पनि त्यही मार्ग अपनाउनेछन्। यस संदर्भमा एलेन जी ह्वाइट यसरी दुखेसो पोखाउनुहुन्छ "चर्चबाट बाहिरका मानिसहरूभन्दा चर्चभित्रमै पोसिरहेका शत्रुहरूदेखि हामी अत्यन्त त्रसित हुनुपर्छ।...अविश्वास तथा विश्वासघात, शङ्का र हामीहरूको चर्चमा भइरहेका अन्धकारमय कामहरूले दुष्ट स्वर्गदूतहरूलाई काम गर्न सजिलो पार्दछ। चर्चमै भएका नकावधारी इसाईहरूले गर्दा विश्वासीहरू बीच शैतानको कामलाई सफलता दिंदछ।"-लाष्ट डे इभेन्टस्, पृ. १४६बाट रूपान्तरित।

**"हे भाइ बहिनीहरू हो, एक आपसका दोषहरूलाई नकोट्याऊ। यदि त्यसो गरेमा तिमीहरूकै पनि न्याय तथा मूल्याङ्कन गरिनेछ। तिमीहरूको न्यायकर्ता तिमीहरूको ढोकानिर उभिरहेका छन्।" याकूबले याकूब ५:९मा चेतावनी दिंदछ। मनासिबै देखिएतापनि तपाईंले चर्चको खिलाफमा वा अरू विश्वासीहरूको खिलाफमा गुनासो वा आलोचना गरिरहनुभएको छ? प्रश्न त यो छ, तपाईं आफैले आफूलाई कसरी**

सम्हाली रहनुभएको छ? तपाईंलाई परमेश्वरले सदाशयता देखाउनुभएकोले र तपाईंलाई क्षमा दिनुभएकोले के तपाईं पनि नरम तथा नम्र भएर अरूप्रति क्षमाशील भएर चल्नुभएको छ (लूका ७:३०-५०)? वा के तपाईं संसारका सोचविचार अनुसार अन्याय सहनु पाप हो भन्दै प्रतिशोधको भावनाले प्रेरित भएर अरूप्रति अन्याय गरिरहनुभएको छ? संसारको मनस्थितिमा डाह, ईख, अस्वस्थ प्रतिस्पर्धा, आलोचना जस्ता तत्वहरूले अड्डा जमाइरहेका छन् (अनेकौं पुस्तक तथा फिल्महरूले मानिसको दिमागलाई त्यतातिर पकाइराखेको हुन्छ)। ती प्रश्नको जवाफ इमान्दारिपूर्वक आफूले आफैलाई जवाफ दिनुहोस्।

याकूबको पत्रको अघिल्लो भागहरूमा हामीले यो देख्यौं कि विश्वासीहरूकै बीचमा अनेकन् गम्भिर चुनौतीहरू खडा भएका थिए। ती केही चुनौतीहरूमा यस्ता थिएः धनी विश्वासी र गरिब विश्वासीको बीचमा गरिने पक्षपात (याकूब २:१,९), तथ्यलाई थाहा नपाइकन अरूको चरित्र हत्या गर्ने दुष्ट स्वभाव (याकूब २:४), एक आपसमा खराब, नराम्रो, रुखो बोली बोल्ने बानी (याकूब ३:१०, ४:११), डाह र ईखले छटपटिनु (याकूब ३:१४), अरू बेठिक आफूमात्र ठिक छ भनेर झगडा गर्ने चरित्र (याकूब ४:१) र संसारको देखासिखिमा चल्न चाहने स्वभाव (याकूब ४:४,१३,१४)। ती आत्मिक रोगको निम्ति याकूबले यी औषधीहरू निरन्तर रूपमा तोकिरहेका थिए जसलाई सेवन गर्दा हामीहरूपनि ती समस्याहरूबाट राहत पाउन सक्छौंः विश्वास अर्थात् परमेश्वरमाथि निरन्तर आस्था (याकूब १:३,६), परमेश्वरको वचनलाई हामीहरूको नशा नशामा गाड्नु (याकूब १:२१ रूपान्तरित), असली स्वतन्त्रताको प्रत्याभूत दिने व्यवस्था वा दश आज्ञाहरूतिर ध्यान दिइरहने स्वभाव (याकूब १:२५, २:१२ रूपान्तरित), बफादारी हुने र इस्वरिय ज्ञानबुद्धिमा तल्लिन भएर बस्नु (याकूब ३:१३,१७), अनुग्रही तथा सदाशयी हुनु (याकूब ४:६) र सफा हात तथा शुद्ध मनले शुसोभित हुनु (याकूब ४:८)। परमेश्वरको महिमाको निम्ति असल काम गरिरहनुपनि उनले हामीलाई प्रोत्साहन गर्दछन् (याकूब २:१४-२६)। बिमारी, विर्सिएका, पिछ्डिएका विश्वासीहरूलाई भेट्ने (याकूब १:२७), कोठे करूणा होइन आवश्यक परेकोलाई प्रत्यक्ष्य रूपमा करूणा तथा दया देखाउने (याकूब २:१३) र झैंझगडा गर्ने अर्थात् आफ्नो भाऊ खोज्ने

**भन्दा शान्तिको बिऊ रोप्ने (याकूब ३:१८) जस्ता मानिसलाई उकास्ने गुणहरू पनि सच्चा इसाई चरित्रमा समावेश हुनुपर्छ भन्ने याकूबको जिकिर छ।**

परमेश्वरप्रति हामी उत्तरदायी छौं। हामीलाई कसैको न्याय गर्ने जिम्मा दिइएको छैन। हाम्रो प्रभु नै न्यायकर्ता हुनुहुन्छ। प्रत्येक मानिसको काम र नियत अनुसार उहाँले नै इनाम दिनुहुन्छ।

**जब हामी प्रभुको आगमनको निम्ति पर्खन्छौं, अरूको उत्थान र अरूलाई हौसला दिन तपाईंले कस्तो कस्तो सकारात्मक कदमहरू चाल्न सक्नुहुन्छ? येशू आउनुहुन्छ भनेर हात बाँधेर बस्नुको सट्टा यदि तपाईं येशूको पक्का भक्त हुनुहुन्छ भने तपाईं सक्रिय र जाँगरिलो हुनु किन अपरिहार्य छ?**

## ४. धैर्यता र सहनशीलताका अनुकरणीय नमूनाहरू (याकूब ५:१०,११)

याकूब ५:१०,११मा अय्युब र अगमवक्ताहरूको बारेमा तुलनात्मक रूपमा उल्लेख गरिएका छन्। तिनीहरूको समानन्तर गुणले गर्दा तिनीहरूको नमूना हामीहरूको निम्ति अनुकरणीय भएका छन्। हामीहरूमा पनि दुःख, कष्ट वा समस्याहरू आइपर्दा तिनीहरूको सम्झनाले हामीलाई कस्तो किसिमको हौसला प्रदान गर्छ सो पढ्नुहोस्: "भाइ हो, कष्ट-भोग र धैर्यको उदाहरण कस्तो हुनुपर्ने हो, सो प्रभुको नाउँमा बोल्ने अगमवक्ताहरूलाई हेर। ११ हेर, धैर्य धारण गर्नेहरूलाई हामी धन्यका भन्छौं। तिमीहरूले अय्यूबको स्थिरताको विषयमा सुनेका छौ, र प्रभुको अभिप्राय देखेका छौ, कि प्रभु कस्तो करुणामय र कृपालु हुनुहुन्छ।"

इस्राएलका सच्चा अगमवक्ताहरूले परमेश्वरको वचन बफादारीताका साथ प्रचार गरेका थिए। हिब्रूको पुस्तकमा परमेश्वरप्रति निष्ठावान भएकोमा अगमवक्ताहरूलाई मुक्तकंठले प्रशंसा गरेको पाइन्छ। तिनीहरूले "सिहँका मुखहरू बन्द गरे (दानियल), आगोको भष्मबाट छुटकारा पाए (शाद्राक, मिशेक, अबिदनेगो), धारिलो तरवारबाट भाग्न सफल भए (एलिया र एलिशा), जेलको काल कोठरीको सामना गरे (यर्मिया र मिका), पत्थरको वर्षाले मृत्युको सामना गरे (येहोयादाको पुत्र जकरिया), करौंतीले शिरलाई दुई टुक्रा

गरे (यशैया) र कतिलाई तरवारले हत्या गरे (उदाहरणमा १ राजा १९:१०)।" हिब्रू ११:३३-३७। अय्यूबको कष्ट पनि अत्यन्त प्रचलित छ। आफ्नै श्रीमतीबाट कटु बोलीको बाणलाई पनि अय्यूबले धैर्यतासाथ सहे। उनको दुःखमा साथ दिन आउनेहरूको आलोचना र बेइज्जतका आगोका ज्यालाहरूलाई पनि उनले धैर्यतासाथ सामना गरे। परमेश्वरलाई विश्वास गर्छु भनेर मुखले मात्र ठिक्क पार्ने कतिपय विश्वासीहरू र ती अगमवक्ता तथा विश्वासको अरू योद्धाहरूको बीचमा के फरक छ त? ती विश्वासका महापुरुषहरूको गुणहरू याकूबले यसरी सूचीमा राख्दछन्: तिनीहरूमा धैर्यता थिए, जुनसुकै प्रतिकूल परिस्थितिमा पनि तिनीहरू परमेश्वरप्रति बफादार र निष्ठावान भएर बसे र सबभन्दा उत्कृष्ट गुणहरूचाहिँ तिनीहरूमा आशा थियो र परमेश्वरमा भरोसा राखेका थिए।

तिनीहरूमा भएका असल गुणहरूमा धैर्यता (ग्रीक शब्दमा माक्रोथिमियास-makrothymias) एक प्रमूख थियो। त्यसलाई सहनशीलता तथा जुनसुकै प्रतिकूल परिस्थितिमा पनि स्थिर भएर बस्न सक्ने शक्ति भनेर अनुवाद गरिन्छ। परमेश्वरको वचनको निम्ति धैर्यतासाथ उहाँका अगमवक्ताहरूले ती सबै भोगेका थिए (याकूब ५:१०)। धैर्यता भन्ने शब्द प्रायजसो नयाँ करारमा धेरै प्रयोग गरिएको छ। परमेश्वरले गर्नुभएको छोरो पाउन अब्राहमले पनि बढो धैर्यतासाथ परमेश्वरको पछि धेरै धेरै वर्ष लागेका थिए भनेर हिब्रू ६,१२,१५ले बताउँछ। क्रुसमा पाउनुभएको सारा कष्ट र कठोर मृत्युमा पनि येशू धैर्यवान भएर बस्नुभयो भनेर पत्रुसले २ पत्रुस ३:१५मा बताउँछन्।

तर शहनशीलता वा चिरस्थायी स्वभाव (ग्रीक भाषामा हाइपोमोन hypomone) हुनु भनेको अन्तिम लक्ष्यतिर उसको ध्यान केन्द्रित हुनु र मानौं दोडको अन्तमा उसले आँखा लगाउनु हो। त्यसको असल र उत्कृष्ट उदाहरणमा अय्यूब आउँछ। अय्यूबले घनघोर कष्ट भोगेका थिए। तर तिनी परमेश्वरमा बफादारी र निष्ठावान भएर बसे। जे भएतापनि आफ्नो दुःखको अन्तमा सकारात्मक परिणामै हुनेछ भनेर अत्यन्त आशावादी भएर आफ्नो आस्थामा अडिग भएर बसे (अय्यूब १४:१३-१५, १९:२३-२७)।

**बर्तमान तपाईंको जीवनमा केले दुःख दिइरहेको छ? तपाईंले केको लागि प्रार्थना गर्नुभयो तर त्यसको जवाफचाहिँ पाउनुभएको छैन? कतिपटक तपाईं निराशाको भुमरीमा पर्नुभएको थियो? बाइबलका दुःखकष्ट पाएका केही पात्रहरूको बारेमा सोच्नुहोस्। बेलाबखतमा तिनीहरूपनि कतिको नैराश्यता छाएको थियो, त्यो पनि सोच्नुहोस्। तिनीहरूको दुःखकष्टबाट तपाईंले के पाठ सिक्न सक्नुहुन्छ जसले गर्दा तपाईंलाई पनि आहतको अनुभव बेलामा आहतको महशूस गर्न सहयोग गर्दछ?**

## ५ घामको उज्यालो जस्तै सफा तथा पारदर्शी जीवन (याकूब ५:१२)

आफ्नो वचनमा पारदर्शी अर्थात् सत्यवादी हुन याकूबले जोडदार समर्थन गरेकोले कतिपय बाइबलका चिन्तकहरू छक्क परेका छन्। किरिया खाने मामिलामा उनी अत्यन्त संवेदनशील भएर त्यसलाई ठूलो विषयवस्तु बनाएकोमा कतिपय अन्यौलमा पनि परेका छन्। यस अध्यायमा याकूबले धेरै विषयवस्तुहरूलाई सम्बोधन गरेका छन्। तर किरिया खाने (जसमा सापटी आश्वासन पनि पर्न सक्छ) विषयमा मनाही गर्नु र सत्यवादी हुनु येशूभक्तको परम धर्म वा कर्तव्य हो भन्ने विषयवस्तुलाई उनले उच्च प्राथमिकता यस अध्यायमा मात्र होइन सम्पूर्ण पत्रमा दिएको आभास पाइन्छ। बोलीमा पारदर्शी वा सत्यवादी हुने विषयलाई सम्बोधन गर्ने सुरूमा उनको नियत नभएतापनि पत्र लेख्ने क्रममा त्यो विषयलाई उल्लेखनीय रूपमा समावेश भएकोले के साँच्चिकै त्यो विषय अत्यन्त ठूलो विषय हो त? याकूब ५:१२मा वचनवद्ध हुनुपर्ने विषयमा उनले यसरी व्यक्त गर्दछन्: "मेरा भाइ हो, सबै कुराभन्दा पहिले स्वर्गको वा पृथ्वीको अथवा अरू कुनै कुराको शपथ नखाओ, तर दोषी नठहरिनलाई तिमीहरूको "हो" चाहिँ "हो" र "होइन" चाहिँ "होइन" होस्।"

आफ्नो पत्रभरि देखावटी वा फुस्रो अर्थात् दोमन गरेर येशूलाई विश्वास गर्ने इसाईको चालामालादेखि याकूब सन्तुष्ट भएको थिएन भन्ने कुरालाई हामीले याद गर्नु जरुरी छ। हामीलाई क्षमादिने परमेश्वरको स्वभाव र उहाँको अनुग्रहको शक्तिबिना याकूबले निर्धारण गरेका इसाई आचारसंहिता पालन गर्न हामीलाई सजिलो छैन। यथार्थमा उनले

सुसमाचारको मर्मको जगमै पसेको पाइन्छ। हामीहरूको बोलीवचनले हामीहरूको हृदयमा के खेलिरहेको छ सो देखाउँछ भनेर याकूबले उदाङ्ग पार्दछ। उनको पत्रमा येशूको यो वक्तव्यलाई खुलारूपमा अनुमोदन गरेको पाइन्छ। उहाँले भन्नुभएको थियो "खराब वा दुष्ट नियतले तिमीहरू चल्छौ भने तिमीहरूले सही असल काम कसरी गर्न सक्छौ र? तिमीहरूको हृदयमा जे छ सो तिमीहरूको मुखले नै सबै कुरा खुलाउँछौ।" (मत्ती १२:३४ रूपान्तरित)। येशूको दिमागमा जे चढिरहेको थियो त्यही कुरा याकूबको दिमागमा पनि भरिएको थियो। "त्यस्तो खालका कुनै प्रतिज्ञा, आश्वासन वा वचनहरू नदेऊ। स्वर्गको नाउँ लिएर तिमीहरूले यसो गर्छु त्यसो गर्छु नभन। स्वर्ग परमेश्वरको सिहाँसन हो। पृथ्वीको पनि कुनै वस्तुलाई छोएर किरिया नगर। किनभने पृथ्वी परमेश्वरको पाउदान हो। येरुशलेम शहरको नाउँमा पनि कुनै वचन नदेऊ किनभने त्यो महाराजाको शहर हो।" (मत्ती ५:३४,३५ रूपान्तरित)। आफू कतिको वचनवद्ध छु भनेर कतिले आफ्नो टाउकोको कपाल छोएर किरिया खान्छन् (मत्ती ५:३६)। येशूले आफ्ना भक्तहरूलाई यो निर्देशन दिनुभयो "तिमीहरूको वचन हो भने हो, होइन भने होइन होस्।" (मत्ती ५:३७ रूपान्तरित)।

सबै थोक परमेश्वरको हो। हामीहरूको टाउकोमा भएको हरेक कपाल पनि उहाँको हो। हामीहरूको टाउकोमा कपालै नभएपनि त्यो पनि उहाँको हो। "हामीहरूको प्रतिज्ञा वा वचनलाई पूरा गर्न कुनै किसिमको किरिया खानु हाम्रो अधिकार छैन। स्वर्ग, पृथ्वी वा हामीहरूमै भएका थोकहरू हामीहरूको नभएकोले तिनीहरूलाई जमानतमा राखेर अरूबाट विश्वास पाउन हामीले आश्वासन वा प्रतिज्ञा गर्नुहुन्न।

"इसाईहरूले गर्ने जुनसुकै काम पनि सूर्यको किरण जस्तै सफा र पारदर्शी हुनुपर्छ। सत्य परमेश्वरको हो। सबै खालका सापटी आश्वासन वा झुठाहरू शैतानबाट आएका हुन्।"एलेन जी ह्वाइट, थटस् फ्रम माउन्ट अभ ब्लेसिङ्ग, पृ. ६६, ६८बाट रूपान्तरित। न्यायधिसको सामु हामीले शपथ खानुहुन्न भनेर येशूले भनिरहनुभएको छैन भनेर हामीले स्पष्टसँग जान्नुपर्छ। उहाँलाई नै मूल पूजारीले शपथ ख्वाएर आफू को हो भनेर भन्न कर गरिएको थियो। त्यस शपथलाई अस्वीकार

गरेर चुपचाप बस्नुभएन। यहूदी धर्मगुरूहरू अड्डाको नियम अनुसार नचलेतापनि उहाँलाई अन्यायपूर्वक गरेको सास्तीको खिलाफमा उहाँले तिनीहरूको आलोचना गर्नुभएन (मत्ती २६:६३,६४)।

सत्य वचन बोल्ने समयमा हामीले धेरै कुराहरू सम्झनुपर्छ। प्रथमतः हामीलाई सबै सत्य थाहा छ भनेर दावी गर्न सक्दैनौं। हामीहरूकै बारेमा कतिपय कुराहरू हामीलाई नै थाहा हुँदैन। त्यसकारण हामी नम्र र कोमल हुनुपर्छ। दोस्रोमा जब हामी सत्य कुरा बोल्छौं त्यो सधैं प्रेमाभाव राखेर बोल्नुपर्छ। हामीले बोलेको वचनले श्रोताको जीवन उतार्ने खालको हुनुपर्छ थचार्ने खालको हुनुहुँदैन।

**पावलले पनि इसाईहरूको बोली कस्तो हुनुपर्छ भनेर झोड दिएका छन्। देहायका पदहरू प्रार्थनापूर्वक पढ्नुहोस् र सोच्नुहोस् यदि परमेश्वरको अनुग्रहद्वारा त्यस नीति अनुसार तपाईं चल्नुभयो भने तपाईंको जीवन कस्तो हुनेथियो होला? एफिसी ४:१५,२९ "प्रेमसँग सत्य बोलेर सबै कुरामा हाम्रो शिर ख्रीष्टजस्तै हामी बढ्दै जाऔं।...२९ तिमीहरूको मुखबाट नराम्रो कुरो ननिस्किओस्, चाहिने, राम्रो र भलाइ गर्ने कुरो बोल र सुन्नेहरूलाई भलाइ होस्।" र कलस्सी ४:६ "नुनले खाना मीठो बनाएझैं तिमीहरूको बोलिवचन सधैं मीठो र चाखलाग्दो होस्। तिमीहरूले सबैलाई राम्रोसँग जवाफ दिन पनि जान्नुपर्दछ।"**

## उपसंहार:

"परमेश्वरको काममा खटिएका अगुवाहरूले यी कुराहरू सिक्न जरुरी छः धैर्यतासाथ प्रतिक्षा गर्नु, सबै थोक अन्धकार देखिएतापनि परमेश्वरमा भरोसा राखिराख्नु। तिनीहरूको कठिन समयमा स्वर्ग तिनीहरूको निम्ति ओर्लेर आउँदैन। जो मानिस आफू कोही होइन भनेर परमेश्वरमा पूरा भरोसा राखेर चल्छ त्यो मानिस जतिसुकै निरीह भएतापनि ऊ अझ बलबान भएर बस्दछ।

"दुःख कष्ट वा कठिन समय आउँछ, तर अघि बढ्दै जाऊ। त्यस परिस्थितिमा तिमी चल्यौ भने तिम्रो आस्था झन बलियो हुन्छ र परमेश्वरको कामको निम्ति सक्षम् हुनसक्छौ। बाइबलमा भएका लेखाहरू हामीहरूले पढ्न र त्यो पढेर हामीलाई छक्क पार्नको निम्ति संचिता गरिएको हो। जुन विश्वासद्वारा बाइबलका पात्रहरूलाई परिचालन गरिएको थियो त्यही विश्वासद्वारा हामीलाई पनि परिचालन

गर्न सकिन्छ भनेर ती लेखाहरूले बताउँछन्।"एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किंगस्, पृ. १७४,१७५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. कटानी नहोउँज्जेल उम्रिरहने घाँस वा सामाको उखान हामी सबैलाई थाहा छ (मत्ती १३)। तर चर्चमा गरिनुपर्ने अनुशासनसँग त्यो कसरी सम्बन्धित छ? हठी, विद्रोही र इसाई हुँ भनेर पनि खराब काम गर्न रुचाउने चर्चका सदस्यहरूसँग हामीले कसरी कारोबार गर्ने? त्यस मामिलामा येशू आउनुभएपछि मात्र सबै थोक ठिक हुनेछ भनेर के तपाईं जिम्मेवार व्यक्ति भएर पनि हात बाँधेर बस्ने? गहुँ वा धानलाई निसासिन खोज्ने सामा वा घाँसलाई हामीले के गर्ने, के त्यसै छोड्ने?

आ. हामी सबैलाई अनेक किसिमका प्रलोभन, परिक्षा र दु:खकष्ट आउँछ। तर बाइबलमा भएका प्रतिज्ञा र एलेन जी ह्वाइटका लेखहरूबाट तपाईंले कस्तो हौसला पाउनुभएको छ जसले गर्दा तपाईंले आफ्नो जीवनलाई थामी राख्नुभएको छ? भविष्यमा आँखा लगाउने क्रममा बाइबलको कुन् पात्र तपाईंको निम्ति प्रेरणादायी भएर खडा भएको तपाईंले पाउनुभएको छ?

इ. एक आपसको बिरोधमा गनगन, गुनासो वा आलोचना नगर भनेर याकूबले सल्लाह दिंछन् (याकूब ५:९)। तर हामीहरूकै विश्वासीहरू होस् वा अरू इसाई मतका विश्वासीहरू किन नहोस् कतिपय समयमा तिनीहरूको आचरणले हामीलाई नमजा तुल्याउँछन्। हामीहरूको हृदयमा प्रेमको खोलो कसरी बगाइराख्ने जसले गर्दा जीवनमा आउने सानोतिनो कुराबाट माथि उचलिएर अरूलाई क्षमा दिंदै अघि बढ्न सक्छौं र अरूले गर्दा हामीहरूको रिस, मुद्रा वा भावनामा परिवर्तन नआओस् जुन् खास गरेर हामीहरूको इसाई स्वभावलाई सुहाँउदैन?